# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ७ संख्या ०६ असार २२ गते, २०८० साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०८० सालको कार्यविधि नं. ६

## मादी गाउँपालिका निजी जग्गा व्यवस्थापन (ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थापन) कार्यविधि, २०८०

स्वीकृत मिति :२०८०/०३/२२

**प्रस्तावना-** नेपालको संविधानको अनुसूची ८ को सि.न. २१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (प) को ७ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई मादी गाउँपालिकाको क्षेत्र भित्रको निजी जग्गाहरूलाई आवास, कृषि वा

मादी गाउँपालिका, कास्की

गैर कृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो सङ्कलन तथा ढुवानी गर्ने कार्यलाई नियमन एवं व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

मादी गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१), बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम **मादी गाउँपालिका निजी जग्गा व्यवस्थापन (ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थापन) कार्यविधि, २०८०** रहेको छ ।

(२) यो ऐन मादी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्य सरोकार संघीय र प्रादेशिक ऐन समेतलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मादी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले मादी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "सभा" भन्नाले मादी गाउँसभा सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(झ) "ईजाजत भन्नाले गाउँपालिकाबाट कार्यपालिकाको निर्णय अनुसार दिईने अनुमती भन्ने सम्झनु पर्छ ।

(ञ) " प्रारम्भीक वातावरणीय परीक्षण भन्नाले एक रोपनी भन्दा वढी क्षेत्रफल भएको जग्गाको तोकीए बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदनलाई जनाउछ ।

(ट) " निजी जग्गा व्यवस्थापन भन्नाले मादी गाउँपालिका क्षेत्र भित्र रहेका निजी जग्गाहरु (खानी वाहेक) आवास , कृषि वा गैर कृषि ब्यवसायीक वा गैर व्यवसायिक प्रयोजनको लागि निजी हकभोग लालपुर्जा भित्रको जग्गा मात्र खन्ने, सम्याउने, पुर्ने कार्यलाई जनाउँछ ।

मादी गाउँपालिका, कास्की

(ठ) मापदण्ड भन्नाले तोकीएको मापदण्ड लाई जनाउँछ ।

(ड) “अन्तिम अधिकार प्राप्त निकाय भन्नाले गाउँ कार्यपालिकालाई जनाउँछ ।

## परिच्छेद-२

**३. निजी जग्गा व्यवस्थापन सम्बन्धमा :**

यस ऐन अनुसार गाउँपालिका क्षेत्र भित्र रहेका निजी लालपुर्जा भित्रको जग्गाहरु आवास, कृषि वा गैर कृषि व्यवसायिक, गैर व्यवसायिक प्रयोजनमा यसै ऐन र तोकीएको कार्यविधि अनुसारको मापदण्ड अनुसार उपयोग र व्यवस्थापन कार्यलाई जनाउछ ।

## परिच्छेद-३

**४. अनुमती पत्र सम्बन्धमा :**

ऐन तथा कार्यविधिको परिधि भित्रको कार्य अनुमति तथा इजाजतलाई जनाउँछ ।जस अनुसार अनुमती माग्ने निकायले पुरा गरेको मापदण्ड प्रकृया, प्राविधिक विवरण वातावरणीय प्रतिवेदन समेतका आधारमा कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले दिने अनुमती भन्ने वुझिन्छ ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद-४

**५. उत्खनन् सम्बन्धमा :**

निजी जग्गा धनीले प्रचलीत कानून अनुसारको अनुमति प्राप्त गरे पश्चात को प्रचलीत मापदण्ड भित्र रही गरिने आवाश, कृषि, गैर कृषि, व्यवसायिक , गैर व्यवसायिक प्रयोजनको लागि खानी वाहेक ढुङ्गा गिट्टी बालुवा माटो आदि उत्खनन् गर्ने सम्याउने, पुर्ने, अन्यत्र लैजाने ढुवानी गर्ने आदि कार्यलाई जनाउछ ।

## परिच्छेद-५

**६. सजाय तथा दण्ड जरिवना सम्बन्धमा :**

यस ऐनको व्यवस्था विपरित निजी जग्गाको अनमति दिने निर्णय गर्ने तथा सो कार्यमा सग्लग्न पदाधिकारी कर्मचारी लाई प्रचलीत कानून अनुसारको कारवाही हुने छ । साथै यो ऐन अनुसारको अनुमति लिने गरी झुण्ठा विवरण पेश गर्ने तोकीएको मापदण्ड तथा अनुमति विपरित कार्य गर्ने निजी जग्गा धनी वातावरणीय मुल्याङ्कन प्रतिवेदन दिने परामर्श दाता तथा संग्लग्न सवै लाई आर्थिक ऐन अनुसार को दण्ड जरिवना सहित प्रचलीत कानून ले तोकेको सजाए हुने गरी गाउँपालिकाले सिफारीस गर्ने तथा सम्बन्धित निकायबाट कारवाही हुने समेत लाई जनाउँछ ।

परिच्छेद-६

विविध

**७. नियम तथा कार्यविधि बनाउने अधिकार :**

यसै ऐनको अधिनमा रही गाउँ कार्यपालिकाले निजी जग्गा व्यवस्थापनमा उत्पादीत ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्नका लागी तथा कार्यन्वयन मा लानको लागी विषयगत थप स्पस्टता पार्न, ब्याख्या विश्लेषण गर्न उपयुक्त ब्यबस्था तथा प्रावधान सहित आवश्यक कार्यविधि तथा नियम बनाउन सक्नेछ ।

**८. खारेजी तथा बचाउ :**

संघीय र प्रदेश कानूनसँग बाझिएमा वा यो ऐनको सान्दर्भिकता नभएमा वा प्रचलित कानून अनुसार अमान्य भएमा गाउँसभाले यो ऐनको खारेजी, संशोधन गर्न सक्नेछ

**आज्ञाले**

**नारायण प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

माढी गाउँपालिका, कास्की